# भूकम्प प्रभावित आवास पुनःनिर्माण
# लगत संकलन कार्यक्रम
# २०७२

**१. भूकम्प प्रभावित आवास पुनःनिर्माण लगत संकलन कार्यक्रम के हो ?**

गत वैशाख १२ गते आएको विनासकारी भूकम्प र त्यसपछिका पराकम्पनहरुबाट अति प्रभावित १४ वटा जिल्लाहरुमध्ये हाल ११ वटा जिल्लाका प्रत्येक घर परिवारहरु र ती घरपरिवार बसोबास गर्ने आवासीय भवनहरुको क्षतिको विस्तृत विवरण संकलन गर्ने सर्वेक्षण हो ।

**२. यस लगत संकलनको उद्देश्य के हो ?**

यस लगत संकलन कार्यक्रमको मूल उद्देश्य भूकम्प प्रभावित जिल्लाहरुमा निश्चित ढाँचाको प्रश्नावली बनाई सबै आवासीय घरको क्षतिको विवरण र ती घरमा स्वामित्व रहेका परिवारहरु र परिवारका सदस्यहरुको पूर्ण गणना गर्नु हो । यस सर्वेक्षणको विशेष उद्देश्यहरु निम्नानुसार छन् ।

(क) भूकम्प प्रभावित जिल्लाहरुमा आवासीय घरहरुको क्षति विवरण संकलन गर्ने,

(ख) भूकम्प प्रभावित जिल्लाहरुका परिवारहरुको सामाजिक आर्थिक विवरण संकलन गर्ने,

(ग) भूकम्प प्रभावित जिल्लाहरुका घर तथा परिवारहरुको विद्युतीय तथ्याङ्कीय आधार तयार गर्ने ।

**३. यो सर्वेक्षणको के महत्व छ ?**

प्रत्येक आवासीय घर र परिवारको लगत सङ्कलनबाट विस्तृतरुपमा क्षतिको आँकलन गर्न सकिने र वास्तविक पिडितहरुको पहिचान गरी क्षति पुगेका घरको पुनःनिर्माणका लागि भरपर्दो आधार खडा हुनेछ ।

यस सर्वेक्षणबाट भूकम्प अति प्रभावित जिल्लाहरुका प्रत्येक घर परिवारको स्वामित्वमा रहेका आवासीय भवनहरुको क्षतिको वास्तविक लगत तयार हुनुका साथै रहेक परिवारको सामाजिक, आर्थिक तथा जनसांख्यिक विवरण प्राप्त हुन्छ ।

**४. यो सर्वेक्षण कहाँ कहाँ सञ्चालन हुँदैछ ?**

भूकम्पबाट अति प्रभावित जिल्लाहरुमा यो सर्वेक्षण सञ्चालन गरिने कार्यक्रम रहेको छ । हाल गोरखा, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, मकवानपुर, सिन्धुली, ओखलढुङ्गा, रामेछाप र दोलखा गरी ११ वटा जिल्लाहरुमा सर्वेक्षण सञ्चालन गरिँदैछ ।

**५. सर्वेक्षण कहिलेदेखि सुरु हुँदैछ ?**

यही २०७२ पौष १९ गतेदेखि दोलखा जिल्लाबाट शुरुवात गरी क्रमैसँग अन्य जिल्लाहरुमा सर्वेक्षण सञ्चालन गरिने कार्यक्रम रहेको छ ।

**६. सर्वेक्षणमा को को खटिएका छन् ?**

एक स्थानीय सहजकर्तासहित प्राविधिकको टोली लगत संकलन गर्न हरेक घरदैलोमा आउँदैछन् ।

**७. तपाईंहरुले उपलब्ध गराएका विवरणमा हस्ताक्षर किन आवश्यक छ ?**

यस सर्वेक्षणबाट संकलित लगत नै पुन:निर्माण कार्यका लागि आधिकारिक मान्यता प्राप्त तथ्याङ्क हुने भएकाले तपाईंहरुले आफ्नो सत्य विवरण उपलब्ध गराउन अनिवार्य छ र यसको प्रत्याभुति तपाईको हस्ताक्षरले दिन्छ । तपाईले उपलब्ध गराएका विवरणले सामाजिक सुरक्षाका कार्यक्रमहरु सम्पादन गर्नका लागि पनि उपयोगी हुनेछन् ।

**८. यस कार्यक्रमले तपाईंहरुलाई राहत सामग्री पनि दिन्छ ?**

यो कार्यक्रमकै क्रममा राहत सामग्री वितरण गरिंदैन । तर यस तथ्याङ्कका आधारमा नै पुन:निर्माणका लागि आधार तयार पारिन्छ ।

**९. घर क्षति भई अस्थायी रुपले अन्यत्र बसोबास गरिरहेकाले कसरी विवरण टिपाउन सक्छन्?**

विवरण संकलन भइरहेको समयमा सम्बन्धित स्वामित्ववाला घरपरिवारमूली वा सदस्य स्वयं उपस्थित भई क्षति भएको घर ठेगानाबाटै विवरण उपलब्ध गराउनु पर्दछ ।

**१०. थप जानकारी लिनको लागि के गर्नुपर्दछ ?**

सर्वेक्षण सम्बन्धी थप जानकारीका लागि केन्द्रीय तथ्याङ्क विभागको **टोल फ्रि नम्बरहरु १६६००१२२२२१ (नेपाल टेलिकम प्रयोगकर्ताका लागि), ९८०१५७१००६** (**एनसेल प्रयोगकर्ताका लागि**) मा सम्पर्क गर्न सकिन्छ ।

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोगको सचिवालय**

# केन्द्रीय तथ्याङ्क विभाग

**भूकम्प प्रभावित आवास पुन:निर्माण लगत संकलन कार्यक्रम २०७२**